२०७५।१।२३

निर्णयहरू

**निर्णय नं. १**

मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को बजेट तर्जुमा तथा योजना छनौटका लागि देहाय बमोजिमको कार्यतालिका अनुसार बजेट तथा योजना तर्जुमा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१. राजस्व परामर्श समितिको बैठक : २०७५ बैशाख २४ गते

२. टोल स्तरीय योजना छनौट र सुचिकृत : २०७५ साल बैशाख २४ देखि २०७५ जेष्ठ ४ गतेसम्म

३. श्रोत अनुमान तथा तथा बजेट सिमा निर्धारण : २०७५ जेष्ठ ४

४. वडा स्तरीय योजना प्राथमिकिकरण सूची नगरपालिकामा पेश : २०७५ जेष्ठ ६ र ७

५. विषयगत समितिहरूको बैठक देहाय बमोजिम २०७५ जेष्ठ ८ देखि २०७५ जेष्ठ १४ गतेसम्म ।

(क) पूर्वाधार विकास एवं वातावरण तथा विपद् व्यवस्थापन समिति : २०७५ जेष्ठ ८ गते

(ख) सामाजिक विकास समिति (शिक्षा) : २०७५ जेष्ठ ८ गते

(ग) सामाजिक विकास समिति (स्वास्थ्य) : २०७५ जेष्ठ १० गते

(घ) सामाजिक विकास समिति (गैसस एवं महिला तथा बालबालिका) : २०७५ जेष्ठ ११

(ङ) संस्थागत तथा सेवा प्रवाह समिति र आर्थिक विकास समिति : २०७५ जेष्ठ १३ गते

(च) विधायन समिति : २०७५ जेष्ठ १४ गते

(छ) नगर कार्यपालिकाको बैठक : २०७५ जेष्ठ १८ गते

**निर्णय नं २**

मेलम्ची नगरपालिका वडा नं. ४ स्थित ठूलो थकनी माध्यामिक विद्यालयको भवन पहिरोको कारण जोखिमयुक्त रहेकोले उक्त पहिरो नियन्त्रण गर्नको लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रू. ५,००,०००।- (अक्षरूपी पाँच लाख रूपैयाँ मात्र) उक्त विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ३**

मेलम्ची नगरपालिका वडा नं. ७ स्थित श्री प्रज्ञा प्राथमिक विद्यालयको अस्थायी सिकाई केन्द्र निर्माणका लागि शिक्षा शिर्षकबाट रू. १,००,०००।- (अक्षरूपी एक लाख रूपैयाँ मात्र) उपलब्ध गराउँने निर्णय गरियो ।

**निर्णय नं ४**

साविकका भोटेचौर, हैबुङ्ग, थकनी र दुवाचौर गाविस यस मेलम्ची नगरपालिका कार्यालय अन्तर्गत समावेश भएको हुँदा उल्लेखित साविकका गाविसको बाल संरक्षण कोषमा जम्मा भएको रकम नगर बाल संरक्षण समितिको खातामा ल्याई आगामी नगर सभाबाट स्वीकृत भए पश्चात कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

मेलम्ची नगरपालिका अन्तर्गत रहेका ईन्द्रावती, मेलम्ची तथा सिन्धुखोला नदी क्षेत्रबाट ढुंगा, गिटी, बालुवाको उत्खनन्/संकलन गरी आन्तरिक राजस्व संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नुपर्ने भएको हुँदा उक्त क्षेत्रमा प्रारम्भिक वातावरणीय परीक्षण कार्य गर्नको लागि लाग्ने रू. १५,००,०००।- (अक्षरूपी पन्ध्र लाख रूपैयाँ मात्र) रकम आगामी नगर सभाबाट अनुमोदन हुने गरी ग्रिन सिटी पार्क शिर्षकमा बचत हुने रकमबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

२०७४ पौष १० र ११ गते तिलगंगा आँखा प्रतिष्ठान, काठमाडौं र प्राथमिक स्वास्थ्य केन्द्र, मेलम्चीको आयोजनामा संचालन भएको निशुल्क मातिविन्दु शल्यक्रिया शिविरमा स्वयंसेवक व्यवस्थापन, बिरामीहरूको व्यवस्थापन र प्रचार प्रशारका लागि खर्च भएको रकम रू. २३,३०१।- (अक्षरूपी तेइस हजार तिन सय एक रुपैयाँ मात्र) स्वास्थ्य शिर्षकबाट सम्बन्धित तिलगंगा सामुदायिक आँखा केन्द्र, मेलम्ची, सिन्धुपाल्चोकलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७**

मेलम्ची नगरपालिका वडा नं. १३ स्थित फटकशिला एक्लेपाटा माझीगाउँ बस्तीमा ह्युम पाइप आवश्यक भई बजेट माग भएको हुँदा उक्त स्थानमा ह्युम पाइप व्यवस्थापनको लागि ग्रिन सिटी पार्क शिर्षकमा बचत हुने रकमबाट रू. १,००,०००।- (अक्षरपी एक लाख पचास हजार रूपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८**

यस सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका वडा नं. ११ स्थित ढुंडेखोलामा नगरस्तरीय अस्पताल निर्माण गर्नको लागि केही जगगादाताहरूबाट ६-५-०-० जग्गा दानस्वरूप प्राप्त भएको र सो जग्गाले अस्पताल निर्माण गर्न अपुग भएको हुँदा सोही जग्गासंग जोडिएको कि.नं. ११६४ र १४७७ को १-१०-०-० क्षेत्रफल बराबरको जग्गा खरिद गर्न आवश्यक भई जग्गा खरिदको लागि प्रक्रिया अगाडि बढाइएकोमा उक्त खरिद गर्न लागेको जग्गामा जग्गादाताबाट समेत जग्गा दिन मञ्जुरी भएकोले उक्त खरिद गर्ने जग्गाको सम्बन्धमा कुनै विवाद नरहेको व्यहोरा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जानकारी गराउने निर्णय गरियो ।

२०७४।१।२३